हरिहरपुरगढी गाउँपालिका

| स्थानीय राजपत्र | | |
|---|---|---|
| खण्ड : ७ | संख्या : ३२ | गाउँ सभाबाट पारित मिति : २०८०।१२।२० |

**भाग-१**

**हरिहरपुरगढी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**झनझने, सिन्धुली**

**बागमती प्रदेश, नेपाल**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम हरिहरपुरगढी गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# हरिहरपुरगढी गाउँपालिकाको गाउँ प्रहरी सेवा संचालन ऐन, २०८०

# हरिहरपुरगढी गाउँपालिकाको गाउँ प्रहरी सेवा संचालन ऐन, २०८०

<u>प्रमाणीकरण तथा प्रकाशित मिति</u>

२०७९।१०।२९

**प्रस्तावना :**

नेपालको संबिधानमा रहेको एकल अधिकार  अन्तर्गत रहेको गाउँ प्रहरीलाई प्रभावकारी रुपमा परिचालन गरि हरिहरपुरगढी गाउँपालिका क्षेत्र भित्रका बस्ती, समुदाय, बजार, सार्वजनिक सम्पत्ति तथा संरचनाको नियमन, सुरक्षा, संरक्षण एवं हरिहरपुरगढी गाउँपालिकाले तर्जुमा गरी लागू गरेका नीति, कानून र निर्णयहरुको कार्यान्वयनमा सहयोग गर्न प्रहरी मार्फत हुने सेवालाई सक्षम, सेवामूलक जनउत्तरदायी र गुणस्तरीय बनाउने सम्बन्धमा आबश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संबिधान २०७२ को धारा २२६ बमोजिम हरिहरपुरगढी  गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम " हरिहरपुरगढी गाउँपालिकाको गाउँ प्रहरी सेवा संचालन ऐन, २०८० रहेको छ ।

(२) यो ऐन तुरुन्त लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "अध्यक्ष" भन्नाले हरिहरपुरगढी गाउँपालिकाको अध्यक्ष सम्झनुपर्दछ ।

(ख) "सभा" भन्नाले हरिहरपुरगढी गाउँपालिकाको गाउँसभालाई सम्झनुपर्दछ ।

(ग) “तोकिए वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम, विनियम वा कार्यविधिले तोकिए बमोजिमलाई सम्झनुपर्दछ ।

(घ) “ गाउँपालिका" भन्नाले हरिहरपुरगढी गाउँपालिकालाई सम्झनुपर्दछ ।

(ङ) "कार्यपालिका" भन्नाले, हरिहरपुरगढी गाउँपालिकाको गाउँकार्यपालिका सम्झनुपर्दछ ।

(च) "कार्यालय" भन्नाले हरिहरपुरगढी गाउँकार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले हरिहरपुरगढी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा कामकाज गर्न खटाइएको अधिकृतलाई सम्झनुपर्दछ ।

(ज) "आर्थिक बर्ष" भन्नाले साउन १ गते देखि शुरु भई असार मसान्तमा समाप्त हुने अवधिलाई सम्झनुपर्दछ ।

(झ) "वडा कार्यालय" भन्नाले वडा समितिको कार्यालयलाई सम्झनुपर्दछ ।

(ञ) "गाउँ प्रहरी सेवा" भन्नाले हरिहरपुरगढी गाउँपालिकाको प्रहरी सम्बद्ध सेवा सम्झनुपर्दछ ।

(ट) "गाउँ प्रहरी" भन्नाले हरिहरपुरगढी गाउँपालिकाबाट नियुक्त भई कामकाज गर्न खटाइएका गाउँ प्रहरी सहायक निरीक्षक, गाउँ प्रहरी बरिष्ठ हवाल्दार, गाउँ प्रहरी हवल्दार, गाउँ प्रहरी सहायक हवल्दार, गाउँ प्रहरी जवान र गाउँ प्रहरी सहयोगी कर्मचारी समेतलाई सम्झनुपर्दछ ।

(ठ) "भत्ता" भन्नाले हरिहरपुरगढी गाउँपालिकाले समय समयमा तोकी दिए बमोजिमको भत्ता सम्झनुपर्दछ ।

(ड) "परिवार" भन्नाले गाउँ प्रहरीसँग बस्ने तथा निज आफैले पालन पोषण गर्नु पर्ने कर्मचारीको पति, पत्नी, छोरा, छोरी, धर्मपुत्र,

धर्मपुत्री, बाबु, आमा, बाजे, बज्यै, सौतेनी आमा, सम्झनुपर्छ र सो शब्दले पुरुष प्रहरीको हकमा निजको बाजे, बज्यै तथा महिला गाउँ प्रहरीको हकमा निजको सासू, ससुरलाई समेत सम्झनुपर्दछ ।

(ढ) "स्थायी पद" भन्नाले म्याद नतोकिएको हरिहरपुरगढी गाउँपालिकाको गाउँ सभाद्धारा स्वीकृत स्थायी पद सम्झनु पर्दछ ।

## परिच्छेद-२
## गाउँ प्रहरी सेवा गठन, रेखदेख र नियन्त्रण

### ३. गाउँ प्रहरी सेवाः

(१) गाउँपालिकामा एक गाउँ प्रहरी सेवा रहनेछ ।गाउँ प्रहरी सेवाको गठन र त्यसमा रहने गाउँ प्रहरीको संख्या गाउँ सभाबाट तोके बमोजिम हुनेछ ।

(२) सेवा करारबाट पदपूर्ति गरिएका बहालवाला प्रहरी कर्मचारीहरु स्वतः यस कार्यविधि अन्तर्गत नियुक्त भएको भएको मानिनेछ ।

**४.** गाउँ प्रहरीको रेखदेख तथा नियन्त्रणः (१) गाउँ प्रहरीको परिचालन, रेखदेख, नियन्त्रण र निर्देशन दिने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ र निजको आदेश र निर्देशन पालन गर्नु प्रत्येक गाउँ प्रहरीको कर्तब्य हुनेछ ।

**५.** गाउँ प्रहरी सेवामा देहायका पद र तहहरु हुनेछ ः

(क) गाउँ प्रहरी सहायक निरीक्षक, सहायक स्तर चौथो

(ख) गाउँ प्रहरी वरिष्ठ हवल्दार, सहायक स्तर तेश्रो

(ग) गाउँ प्रहरी हवल्दार, सहायक स्तर तेश्रो

(घ) गाउँ प्रहरी सहायक हवल्दार सहायक स्तर तेश्रो

(ङ) गाउँ प्रहरी जवान, तह बिहीन

(च) गाउँ प्रहरी सहयोगी, तह बिहिन

## परिच्छेद-३

## गाउँ प्रहरीको काम, कर्तव्य र अधिकार

### ६. गाउँ प्रहरीको काम, कर्तब्य र अधिकारः

(क) सार्वजनिक बाटो आसपासका अबरोध हटाउन लगाउने, नमानेमा आफैं हटाई लाग्ने खर्च सम्बन्धित व्यक्तिबाट असूल उपर गरी पेश गर्ने ।

(ख) फोहोरमैला व्यवस्थापनको क्रममा निर्धारित स्थानमा बाहेक अन्य स्थानमा फालेको पाएमा सचेत गराउने, ऐन बमोजिम जरिवाना गर्ने र थप कारबाहीको लागि गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत समक्ष पेस गर्ने ।

(ग) सार्वजनिक जग्गा, सांस्कृतिक सम्पदा लगायत सार्वजनिक सम्पतिको अतिक्रमण भए/नभएको गस्ती तथा निगरानी गर्ने र प्रचलित कानून विपरित अतिक्रमण हटाउन वडा कार्यालय/शखाहरुमार्फत निर्णय गर्ने अधिकारी समक्ष प्रतिवेदन गर्ने । गाउँपालिका अध्यक्षको आदेश बमोजिम खर्च असुल उपर गर्ने ।

(घ) गाउँपालिकाको भौगोलिक क्षेत्रमा अनियमित निर्माण कार्य गरेको, नक्सा पास नभई निर्माण कार्य गरेको, मापदण्ड विपरित निर्माण कार्य गरेको सम्बन्धमा नियमित, निगरानी गर्दा वा आम जनताबाट गुनासो गरेको पाईएमा प्रमुख प्रशासकीय अधिकृत समक्ष प्रतिवेदन पेश गर्ने,यस्ता नियम विपरितका संरचना हटाउनको लागि गाउँपालिकालाई आवश्यक सहयोग गर्ने।

(ङ) सार्वजनिक स्थलमा छोडिएका चौपाया नियन्त्रणमा लिई व्यवस्थापन गर्ने, गराउने तथा वडा र गाउँपालिकामा व्यवस्था

गरेको कान्जी हाउसमा पु-याउने कार्यमा सहयोग गरी छाडा छाडिएका पशु धनीसँग  जरिबाना गर्ने ।

(च) न्यायिक समितिबाट सम्पादन हुने कार्यमा आवश्यक्तानुसार सहयोग गर्ने तथा विवादको सुनुवाई, छलफल, बयान लिने कार्य, मेलमिलाप सत्र संचालनका क्रममा  सुरक्षा व्यवस्थालाई मध्यनजर गरी परिचालित हुने ।

(छ) मुद्दाका सन्दर्भमा विवादका पक्षलाई झिकाउने कार्यमा सहयोग गर्ने तथा म्याद तामेल गर्ने कार्यमा सहयोग गर्ने ।

(ज) न्यायिक समितिबाट भएको फैसला तथा निर्णय कार्यान्वयनमा सहयोग गर्ने ।

(झ) स्वास्थ्यका लागि हानिकारक भईसकेका तथा सडेगलेका खाद्य पदार्थ बिक्री गरेको पाईएमा तत्काल रोक लगाउने, गाउँपालिका प्रशासन शाखामा प्रतिवेदन पेस गर्ने । नियमानुसार प्रक्रिया पु-याई  सामान जफत गरी गाड्न लगाउने र आर्थिक ऐन अनुसार जरिवाना  गर्ने ।

(ञ) रोगी वा कानूनले निषेध गरेका पशुपंक्षी, जीवजन्तुहरु काटमार गर्न नदिने र त्यस्ता पशुपंक्षी, जीवजन्तुका मासु बिक्री बितरणमा रोक लगाउने । अटेर गरेमा पसल सिलबन्दी गरी संचालक वा व्यवस्थापक सहित प्रशासन शाखामा पेश गर्ने वा जफत गरी नष्ट गर्ने । शाखाबाट प्रक्रिया अगाडि बढाई आर्थिक ऐन बमोजिम जरिवाना समेत गर्ने र कानून बमोजिम कारबाहीका लागि अन्यत्र पठाउने प्रकृतिको कार्य भएको भए प्रमुख प्रशासकीय अधिकृत समक्ष पेस गरी निर्णय भए बमोजिम गर्ने ।

(ट) छाडा कुकुर नियन्त्रण सम्वन्धी कारवाही गर्ने। मरेका जीवजन्तु समयमै गाड्न लगाउने। सार्वजनिक क्षेत्रमा कुकुरलाई दिसा पिसाब गराउन निषेध गर्ने, अटेर गर्नेलाई आर्थिक ऐन बमोजिम

जरिवाना गर्ने। पटके भए पटकै पिच्छे दोब्बर जरिवाना गर्ने। छाडा कुकुरको कारण दुर्घटना बढ्नुका साथै रेविज जस्ता घातक रोग समेत फैलने भएकाले समुदायको सहयोगमा व्यवस्थापन गर्न पशु सेवा शाखाको समन्वयमा कारवाही गर्ने।

(ठ) खतरा उत्पन्न हुने रुख काट्न लगाउने। जोखिमपूर्ण घर, पर्खाल भए सोको लिखित प्रतिवेदन पेस गर्ने र गाउँ प्रमुखबाट भत्काउन आदेश प्राप्त भए पश्चात् गाउँपालिका प्रशासनबाट निर्देशन भए बमोजिम भत्काउन लगाउने वा भत्काउने। भत्काउन लगाउँदा अटेर गरे भत्काई सो कार्यमा लागेको खर्च सम्बन्धित व्यक्ति तथा संस्थाबाट असुल उपर गरी विवरण सहित राजस्व शाखामा दाखिला गर्ने।

(ड) वडा कार्यालय, टोल विकास संस्था तथा सामुदायिक प्रहरीसँगको सहकार्यमा सरसफाई, सुरक्षा र सामाजिक विकृति हटाउने कार्य गर्ने/ गराउने ।

(ढ) गाउँको सुरक्षा व्यवस्था कायम गर्ने, गाउँपालिकाको चल, अचल सम्पत्ति, भवन, जग्गा, पार्क, मेशिन, उपकरण आदिको सुरक्षा गर्ने।

(ण) इजाजत बिना पेशा व्यवसाय गरेको फेला परेमा उक्त पेशा व्यवसाय दर्ता/ नवीकरण गर्न लगाउने।

(त) गाउँपालिका क्षेत्रमा भित्ते लेखन, पोल व्यानर, क्रस व्यानर र विज्ञापन नीतिले निषेध गरेको विज्ञापन प्रचार-प्रसार सामग्री तथा पोष्टर टाँस्ने कार्यमा पूर्णतः प्रतिबन्ध लगाउने, अटेर गर्नेलाई आर्थिक ऐन बमोजिम जरिवाना सहित कारवाही गर्ने।

(थ) बिना इजाजत व्यानर, होडिङ्ग बोर्ड लगायतका अन्य विज्ञापन सामग्री राखेको पाईएमा इजाजत लिन लगाउने, नमानेमा त्यस्ता सामग्री हटाई आर्थिक ऐन बमोजिम जरिवाना गर्ने।

(द) नापतौलका सामग्रीको चेकजाँच गर्ने, पसल व्यवसायमा मूल्य सूची राख्न लगाउने, अखाद्य र म्याद गुज्रेका सामानहरु चेक गर्ने, नष्ट गर्ने लगायतका कार्यमा गाउँपालिकाबाट बजार अनुगमनमा खटिएको टोलीलाई आवश्यक सहयोग गर्ने।

(ध) होटल, रेष्टुरेन्ट, गेष्ट हाउस, मसाज, पार्लर जस्ता व्यवसायिक गतिविधिहरुको निरीक्षण गर्ने, मापदण्ड अनुरुप चलेको नपाईएमा कारबाहीका लागि प्रतिवेदन पेस गर्ने।

(न) गाउँपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा जादु, सर्कस, जुवा लायतका विकृतिजन्य क्रियाकलापमा रोक लगाउने।

(प) गाउँपालिकाको निर्णय अनुसार अस्थायी प्रकृतिका बजार व्यवस्थापन गर्ने/गराउने र त्यस्ता व्यापारीहरुको लगत राख्ने।

(फ) अरुलाई बाधा पुग्ने गरी लाउड स्पिकर, रेडियो अथवा ध्वनि उत्पादन गरी ध्वनि प्रदूषण गर्ने अन्य उपकरण प्रयोग गर्न नदिने ।

(ब) गाउँ बस्ति तथा बजारमा ध्वनि, धुँवा, प्रकाश अथवा अन्य कुनै कारणले सार्वजनिक रुपमा बाधा पुग्ने गरी उद्योग धन्दा सञ्चालनमा रोक लगाउने। यस कार्यविधि र गाउँपालिकाको निर्देशनको बर्खिलाप गरी कसैले ध्वनि प्रदूषण गरेमा प्रथम पटक सचेत गराउने। नमानेमा सामग्री जफत गरी आर्थिक ऐन बमोजिम जरिवाना गर्ने। उल्लङ्घन गरेमा पटकै पिच्छे दोब्बर जरिवाना गर्ने।

(भ) गाउँपालिका क्षेत्र भित्रका निजी सुरक्षागार्ड आपूर्ति व्यवसाय सञ्चालन गर्ने फर्म, कम्पनी सञ्चालकहरुको सूची तयार गरी लगत राख्ने र अनुगमन गर्ने।

(म) गाउँपालिकाबाट सञ्चालन भएको दमकल (Fire Brigade) सेवालाई चौबिसै घण्टा चुस्त र दुरुस्त राखी माग भएको ठाउँमा तुरुन्त प्रतिकार्यका लागि सहयोग गर्ने।

(य) विपद्, महामारी भएमा उद्धार तथा राहतका लागि तुरुन्त खटी जाने।

(र) गाउँपालिका मातहतका, शाखा, आयोजना, कार्यक्रम वा कुनै परियोजना अन्तर्गत तोकिए बमोजिमका कार्यहरु गर्ने/गराउने।

(ल) गाउँपालिका अन्तर्गतका, शाखा तथा आयोजनाबाट कार्यान्वयनका लागि प्राप्त भएका आदेश तथा निर्देशन कार्यान्वयन गरी सोको विवरण तोकिएको समयभित्र उपलब्ध गराउने।

(व) अनधिकृत क्षेत्रमा पार्किङ्ग गर्न नदिने, गरेमा ट्राफिक प्रहरी समेतको सहयोगमा व्यवस्थापन गरी आर्थिक ऐन बमोजिम जरिवाना समेत गराउने। साधन (मोटर साईकल, साईकल, ठेला आदी) उठाई पुर्याउनुपर्ने अवस्था भएमा गाउँपालिकामा पुर्याउने र सो वापत आर्थिक ऐन बमोजिम जरिवाना समेत गराई साधन बुझाईदिने। उठाई पु-याउन नसकिने ठुला साधनका हकमा व्हील लक गरी राख्ने र आर्थिक ऐन बमोजिम जरिवाना गर्ने। कार्यालय परिसरमा सवारी पार्किङ्ग व्यवस्थापन गर्ने।

(श) सडक तथा सडकको क्षेत्राधिकारभित्र वा कुनै सार्वजनिक स्थानमा निर्माण सामग्री राखी त्यस्तो सडकको दुरावस्था बनाउने वा आवागमनमा अवरोध गर्नेलाई तत्काल सामग्री हटाउन लगाई आर्थिक ऐन बमोजिम जरिवाना समेत गर्ने । हटाउन अटेर गरी आलटाल गरेमा हटाउने र सो कार्य गर्दा लागेको खर्च र जरिवाना समेत असुल उपर गर्ने।

(ष) स्थानीय बजार व्यवस्थापन गर्ने/गराउने, सडक तथा सडक पेटी एवं सडकको क्षेत्राधिकारभित्र कुनै पसल व्यवसाय सञ्चालन गर्न नदिने । हटाउन लगाउँदा समेत अटेर गरेमा त्यस्ता सामग्री उठाई नियन्त्रणमा राखी सो को विवरण गाउँ प्रहरी व्यवस्थापन शाखामा बुझाउने । सम्बन्धित व्यक्तिले तीन दिन भित्र आफ्नो

सामग्री लिन आएमा आर्थिक ऐन बमोजिम जरिवाना गरी सामग्री फिर्ता गर्ने। तीन दिन पूरा भएपछि पनि सम्पर्क राख्न नआएमा तीन दिनको सूचना सूचनापाटी र वेबसाईटमा राखी प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी प्राप्त आम्दानी गाउँपालिकाको खातामा जम्मा गर्ने। सडी, कुही जाने सामग्रीलाई तत्काल उचित स्थानमा गाड्ने वा लिलाम गर्ने/गराउने कार्यमा सहयोग गर्ने।

(स) कारबाहीका सिलसिलामा कसैलाई हिरासतमा राख्नु पर्ने भएमा गाउँ प्रहरी व्यवस्थापन शाखाबाट प्रक्रिया पु-याई प्रहरी कार्यालयमा बुझाउने वा तारेखमा राख्नुपर्ने भएमा ब्यहोरा खुलाई प्रमुख प्रशासकीय अधिकृत समक्ष पेस गर्ने ।

(ह) कार्यालय र अन्तर्गतको शाखाहरुको अत्यन्त जरुरी पत्र बुझाउने काममा सहयोग गर्ने ।

(क्ष) कार्यालयको आवश्यकता बमोजिम सम्बन्धित अधिकारीबाट लाए अह्राएको कार्य गर्ने।

**७. गाउँपालिकामा रहने गाउँ प्रहरीको पद, तह ,पोशाक र दर्ज्यानी चिन्ह :** (१) गाउँ प्रहरीको पद, तह, पोशाक र दर्ज्यानी चिन्ह देहाय बमोजिम हुनेछ :-

(क) गाउँपालिकामा रहने गाउँ प्रहरीको पद, तह र दर्ज्यानी चिन्ह अनुसूची १ बमोजिम रहनेछ ।

(ख) गाउँपालिकामा रहने गाउँ प्रहरीको पोशाकको रङ्ग र किसिम अनुसूची -२ बमोजिम रहनेछ ।

(ग) गाउँपालिकाले प्रत्येक पदको कार्यविवरण बनाउनेछ र त्यस्ता कार्यविवरणमा सम्बन्धित पदको काम, कर्तब्य, उतरदायित्व तथा अधिकार समेत उल्लेख गरिनेछ ।

(घ) गाउँ प्रहरी प्रमुख लगायत गाउँ प्रहरी कर्मचारीको काम, कर्तब्य र अधिकार यसै ऐन र कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद — ४
## तह विभाजन र पदपूर्ति

**८. स्थायी पद सिर्जना तथा दरबन्दी खारेज** : (१) गाउँ प्रहरी सेवाका लागि आबश्यक पर्ने विभिन्न तहको दरबन्दीहरुको सिर्जना र आबश्यक नपर्ने दरबन्दीको खारेजी  गाउँसभाले गर्नेछ ।

**९. गाउँ प्रहरी सेवामा शुरु नियुक्ति हुने पदहरु** : (१) गाउँ प्रहरी सेवामा रहने देहायका पदहरुको पूर्ति सामान्यतया खुल्ला प्रतियोगिताद्धारा हुनेछ :

(क) गाउँ प्रहरी सहायक निरीक्षक

(ख) गाउँ प्रहरी हवल्दार

(ग) गाउँ प्रहरी जवान

(घ) गाउँ प्रहरी सहयोगी

(२) गाउँ प्रहरीको योग्यता तोके बमोजिम हुनेछ ।

**१०. नियुक्ति गर्ने अधिकारीः** प्रदेश लोकसेवा आयोगबाट सिफारिस भएका गाउँ प्रहरीको नियुक्ति प्रमुख प्रशासकीय अधिकृतबाट हुनेछ।

**११. पदपूर्ति गर्ने तरिकाः** गाउँ प्रहरी सेवाको विभिन्न पदमा स्थायी पदपूर्ति प्रदेश लोक सेवा आयोगबाट हुनेछ ।

१. (उपदफा) (१) बमोजिम पदपूर्ति गर्न रिक्त दरबन्दी खुलाई गाउँपालिकाले बार्षिक रुपमा प्रदेश लो कसेवा आयोगमा लेखी पठाउनु पर्नेछ ।

२. गाउँ प्रहरी सेवाका रिक्त दरबन्दीमा पदपूर्ति हुने प्रतिशत प्रदेश लोक सेवा आयोगले तोके बमोजिम हुनेछ ।

३. उपदफा (१) देखि (४) सम्म जे सुकै व्यवस्था लेखिएको भएतापनि प्रदेश लोक सेवा आयोगबाट गाउँ प्रहरी सिफारिश नहुँदा सम्म गाउँपालिकाले पदपूर्ति समिति गठन गरी आबश्यक गाउँ प्रहरीको पद पूर्ति गरिनेछ ।

**१२. परीक्षणकालमा राखिनेः** (१) नयाँ नियुक्ति हुने गाउँ प्रहरी कर्मचारीलाई एक वर्षको परीक्षणकालमा राखिनेछ । सो अवधिमा त्यस्तो गाउँ प्रहरी कर्मचारीले सन्तोषजनक काम नगरेमा, गाउँ प्रहरी प्रमुखको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले थप छ महिना परीक्षणकालमा राख्न सकिनेछ । महिला गाउँ प्रहरी कर्मचारीको हकमा छ महिना मात्र परीक्षणकाल रहनेछ । तीन महिना परिक्षणकाल थप गर्न सकिनेछ ।

(२) (१) वमोजिम थप भएको परीक्षणकालमा रहेको गाउँ प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा निजलाई नियुक्ति गर्ने अधिकारीले अवकास दिनेछ ।

**१३. नियुक्ति सदरः** (१) परीक्षणकालमा रहेका गाउँ प्रहरीले तोकिएको आधारमा तालिममा उतीर्ण भए पश्चात नेपालको राष्ट्रिय झन्डा र गाउँपालिकाको झन्डा छुवाई शपथ ग्रहण गराए पश्चात प्रमुख प्रशासकीय अधिकृतबाट नियुक्ति सदर हुनेछ ।

(२) उपदफा(१) वमोजिम नियुक्ति सदर भएमा परीक्षणकालको अवधिलाई नोकरीको अवधिमा गणना गरिनेछ।

**१४. ज्येष्ठताक्रम कायम गर्नेः** (१) गाउँ प्रहरी सेवा अन्तर्गतका विभिन्न पदहरु रहने गाउँ प्रहरीको जेष्ठताक्रम कायम गर्दा प्रदेश

लोकसेवा आयोगबाट भएको सिफारिस योग्यता क्रमलाई आधार मानी ज्येष्ठता कायम गरिनेछ ।

(२) प्रदेश लोक सेवा आयोगबाट ज्येष्ठता क्रम कायम हुनु अघि सम्मका लागि गाउँपालिकाले निर्धारण गरेको ज्येष्ठता क्रम कायम रहनेछ ।

## परिच्छेद-५
## सरुवा तथा बढुवा

**१५.गाउँ प्रहरीको सरुवाः** (१) गाउँ प्रहरी अन्तर्गतका क्षेत्र भौगोलिक प्रमुखहरुको सरुवा प्रहरी प्रमुखको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ ।

(२) उपदफा (१) बाहेकका अन्य जिम्मेबारीमा रहने गाउँ प्रहरीको सरुवा गाउँ प्रहरी प्रमुखले गर्नेछ ।

(३) सामान्यतया २ वर्षमा गाउँ प्रहरीको जिम्मेवारी सरुवा मार्फत हेरफेर गर्न सकिनेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि गाउँपालिकाको आवश्यकता बमोजिम गाउँ प्रहरीलाई जुन सुकै जिम्मेवारी तोक्न सकिनेछ ।

**१६. गाउँ प्रहरी बढुवाः** (१) गाउँपालिकाको गाउँ प्रहरी सेवाको काम रिक्त दरबन्दीमा तोकिएको मापदण्डको आधारमा बढुवा हुनेछ ।

(२) गाउँ प्रहरीको बढुवा हरिहरपुरगढी गाउँपालिकाको स्थानीय सेवा ऐन २०७९ बमोजिम हुनेछ ।

**१७.** कार्य सम्पादन तथा अनुभबको मूल्याङकन गाउँपालिकाको स्थानीय सेवा ऐन,२०७९ बमोजिम हुनेछ।

**१८. गाउँ प्रहरीको परिचालनः** (१) गाउँ प्रहरीको परिचालन गाउँपालिका अन्तर्गत गाउँ प्रहरीको नामबाट हुनेछ ।

(२) गाउँ प्रहरी प्रमुखले गाउँ प्रहरीको परिचालन गर्नेछ ।

(३) गाउँ प्रहरीले पालना गर्नु पर्ने आचरण, अनुशासन र आन्तरिक व्यवस्थाको कुरामा बाहेक गाउँ प्रहरीको समग्र परिचालन,प्रत्यक्ष रेखदेख र नियन्त्रण प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ ।

(४) गाउँ प्रहरीको अधिकार क्षेत्र तथा प्रभाकारीता बृद्दिका लागि कार्यपालिकाले गाउँ प्रहरी नीति तथा परिचालन कार्ययोजना जारी गर्न सक्नेछ ।

## परिच्छेद -६

## गाउँ प्रहरीको आचरण

**१९. दान उपहार लिन नहुनेः** गाउँपालिकाको काममा असर पर्न सक्ने गरी गाउँ प्रहरी र निजको परिवारका सदस्य समेतले गाउँपालिकाको पूर्व स्वीकृत विना स्वदेशी तथा विदेशी संघ संस्था, निकाय वा व्यक्ति कसैबाट कुनै प्रकारको दान, उपहार, पुरस्कार, कोसेली र उपहार स्वीकार गर्नु हुदैन ।

**२०. चन्दा लिन नहुनेः** कुनै गाउँ प्रहरीले गाउँपालिकाको पूर्व स्वीकृति विना कुनै पनि कामको निमित्त कुनै किसिमको चन्दा माग्न अथवा स्वीकार गर्नु हुदैन र अरु कुनै किसिमको आर्थिक सहायता प्राप्त गर्ने काममा समेत भाग लिन हुँदैन ।

**२१. स्वीकृती विना अचल सम्पत्ति खरिद गर्न नहुनेः** गाउँपालिकालाई पूर्व सूचना नदिई गाउँ प्रहरीले आफ्नो बसोबासको निमित्त आवश्यक पर्ने बाहेक आफ्नो वा आफ्नो

परिबारको कुनै सदस्यको नाममा कुनै अचल सम्पति खरिद गर्न हुदैन। गाउँपालिकाको स्वीकृति लिएरमात्र खरिद गर्न सक्नेछ।

२२. **सम्पत्तिको विवरण दिनुपर्नेः** हाल वहालमा रहेको गाउँ प्रहरीले यो ऐन लागू भएको तीन महिना भित्र र नयाँ नियूक्ति भएका गाउँ प्रहरी कर्मचारीले नियुक्ति भएको मितिले तीन महिना भित्र गाउँपालिकाले तोकिएको कर्मचारी समक्ष देहायको सम्पत्तिको विवरण दाखिला गर्नुपर्ने छ ।

(क) आफ्नो वा परिवारको सदस्यको नाममा भएको प्रत्येक अचल सम्पत्ति र शेयर, बैंक मौज्दातको विवरण ।

(ख) आफूसँग वा आफ्नो नाउँमा रहेको नगद, जवाहरात, सुन, चाँदीको अन्दाजी मूल्य ।

(ग) खण्ड (क) वमोजिमको विवरण दाखिला गर्दा संयुक्त परिवारमा रहेको गाउँ प्रहरी कर्मचारीले आफ्नो परिवारको प्रमुखको नाममा निजसँग रहेको सम्पत्तिको विवरण दाखिला गर्नुपर्नेछ ।

(घ) आफ्नो सम्पत्तिमा थपघट भएमा अख्तियारवालालाई सोको सूचना तीन महिना भित्र दिनु प्रत्येक गाउँ प्रहरीको कर्तव्य हुनेछ ।

२३. **व्यपार व्यवसाय गर्न नहुनेः** कुनै पनि गाउँ प्रहरी कर्मचारीले कार्यालयको स्वीकृती वेगर देहायका काम गर्नु हुदैनः

(क) कुनै व्यापार गर्न,

(ख) कुनै हिस्सेदार हुन र

(ग) कुनै व्यवसाय चलाउन ।

२४. **गाउँपालिकाको काममा थाहा पाएका कुराहरु प्रकाशन गर्न नहुनेः** गाउँ प्रहरीले गाउँपालिकाद्धारा अथवा विशेष रुपमा अख्तियार नपाई आफ्नो कर्तव्यको पालना गर्दा सरकारी वा गैर

सरकारी संघसंस्थाबाट प्राप्त गरेको वा आफैले लेखेको अथवा सङ्कलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट अरु अधिकृत, गाउँ प्रहरीलाई वा गैरसरकारी व्यक्तिलाई अथवा पत्रपत्रिकालाई जानकारी दिन हुदैन ।

२५. **<u>रेडियो वा पत्रिकासँग सम्पर्क राख्न नहुनेः</u>** गाउँ प्रहरीले गाउँपालिकाको अनुमति प्राप्त नगरी कुनै पत्रपत्रिकामा आफ्नै वास्तविकता अथवा काल्पनिक नामबाट अथवा बेनामी कुनै लेख प्रकाशित गर्न अथवा रेडियोद्धारा प्रसारण गर्न हुँदैन।

तर, यस्तो प्रकाशन वा प्रसारण साहित्यिक, कलात्मक, ऐतिहासिक अथवा वैज्ञानिक विषयको भएमा यस्तो स्वीकृती लिईरहनु पर्दैन र प्रकाशन वा प्रसारण गरे पछि जाहेरी गर्नु पर्नेछ ।

२६.**<u>गाउँपालिकाको आलोचना गर्न हुदैनः</u>** गाउँ प्रहरीले कुनै कुराको आलोचना गर्दा गाउँपालिकाको नीति, कानून वा निर्णयको बिरुद्धमा हुने गरी अथवा गाउँबासीको आपसी सुसम्बन्धमा खलल पुग्ने गरी भाषण वा सम्बाद गर्न र लेख रचना प्रकाशन गर्नु हुँदैन ।

२७. **<u>निर्वाचनमा भाग लिन नहुनेः</u>** गाउँ प्रहरीले कुनै पनि राजनीतिक दलको लागि कुनै निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत माग्न वा अन्य कुनै प्रकारले प्रभाव पार्न हुदैन ।

तर कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानून वमोजिम आफ्नो मताधिकार प्रयोग गर्न बाधा पर्ने छैन ।

२८. **<u>राजनीतिमा भाग लिन नहुनेः</u>** गाउँ प्रहरीले कुनै राजनैतिक संस्थाको सदस्य बन्न, राजनीतिमा भाग लिन, राजनैतिक संस्थालाई सहायताको निमित्त चन्दा दिन अथवा कुनै राजनैतिक संस्था,भातृ

संगठनको सदस्य हुन वा जुनसुकै किसिमको आन्दोलनलाई कुनै प्रकारले प्रभाव पार्न सहयोग गर्न हुदैन ।

२९. **समय पालन र नियमितताः** गाउँ प्रहरीले ठिक समयमा तथा नियमित रुपमा आफनो पालोमा कार्यालयमा हाजिर हुनुपर्छ र साधारणतया पहिले विदाको स्वीकृति नलिई काममा अनुपस्थित हुनु हुँदैन ।

३०. **अनुशासन र आज्ञापालनः** (१) गाउँ प्रहरीले आफ्नो कर्तव्य तत्परताको साथ पालना गर्नुपर्नेछ ।

(२) गाउँ प्रहरीले आफ्नो कार्यालयको काम सम्बन्धी कुरामा आफू भन्दा माथिका अधिकृत वा शाखा प्रमुखले दिएको आज्ञालाई तदारुकता साथ पालना गर्नुपर्नेछ ।

(३) गाउँ प्रहरीले आफूभन्दा माथिका सबै पादधिकारी र अधिकृतहरुप्रति उचित आदर देखाउनु पर्नेछ ।

(४) गाउँपालिकाले गाउँ प्रहरीको पोशाक लगाउनु प्रत्येक गाउँ प्रहरीको कर्तव्य हुनेछ ।

३१. **बाहिरी प्रभाव पार्न नहुनेः** गाउँ प्रहरी कर्मचारीले आफ्नो नोकरी सम्बन्धी कुरामा आफूभन्दा माथिका अधिकृतमाथि कुनै अनुचित प्रभाव पार्न अथवा प्रभाव पार्ने प्रयत्न गर्न हुँदैन।

३२. **बहुबिबाह, बालबिवाह, अनमोल बिबाहमा प्रतिवन्धः** गाउँ प्रहरीले मुलुकी देवानी संहिता तथा प्रचलित कानून विपरीत हुने गरी बिबाह गर्नु गराउनु हुँदैन ।

३३. **सामाजिक सञ्जालको प्रयोग गर्न प्रतिबन्धः** गाउँ प्रहरीले गाउँपालिकाको काम कारबाही वा कुनै पदाधिकारी वा जुनसुकै तहको सरकारको नीति,कानून वा निर्णयको आलोचना गर्ने वा भ्रम सिर्जना हुने किसिमको शब्द,वाक्य,चित्र वा कुनै इमेज पोष्ट गर्न हुँदैन ।

तर, गाउँपालिकाको नीति,कानून वा कार्यक्रमको प्रचार प्रसार हुने गरी कुनै व्यहोरा सामाजिक सञ्जालमा प्रविष्ट गर्न भने यस दफाले प्रतिबन्ध लगाएको मानिने छैन ।

**३४. <u>जुवा तास खेल्न तथा खेलाउन नहुने:</u>** गाउँ प्रहरीले कार्यालय समय,कार्यालय परिसर र कार्यालयको पहिरनमा रहेको वा नरहेको अबस्थामा समेत जुवा तास खेल्ने, खेलाउने वा खेल्न दुरुत्साहन गर्ने वा गाउँ प्रहरीको व्यवसायिक प्रतिस्ठामाथि आँच आउने किसिमका कुनै पनि कार्य गर्नु गराउनु हुँदैन ।

**३५. अन्य आचरण सम्बन्धी व्यवस्थाः** गाउँ प्रहरीले यस ऐनमा उल्लेख गरेको आचरण सम्बन्धी व्यवस्थाको अतिरिक्त गाउँपालिकाको स्थानीय सेवा ऐन,२०७९ को व्यवस्था समेत परिपालना गर्नुपर्नेछ ।

## परिच्छेद-७
## <u>सजाय र पुनरावेदन</u>

**३६. <u>सजायः</u>** उचित र पर्याप्त कारण भएमा गाउँ प्रहरीलाई देहाय बमोजिमको विभागीय सजाय गर्न सकिनेछः-

**क)** सामान्य सजायः-

१. सचेत गराउने

२. शारीरिक थकाई

३. नसिहत दिने ।

४. दुई वर्ष देखि पाँच वर्ष सम्म बढुवा रोक्का गर्ने वा दुई देखि पाँच तलब वृद्धिसम्म रोक्का गर्ने ।

५. पदीय दायित्व पालना गर्ने सिलसिलामा लापारवाही गरी गाउँपालिकालाई हानी नोक्सानी पु-याएमा

भएको हानी नोक्सानीको सम्पूर्ण वा आंशिक रुपमा तलब भत्ताबाट कट्टी गरी असुल गर्ने ।

६. तल्लो तहमा घटुवा गर्ने ।

ख) विशेष सजायः-

१. भविश्यमा गाउँपालिकाको सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने ।

२. भविश्यमा गाउँपालिकाको सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्ने ।

३७. **सचेत गराउने,नसिहत दिने वा प्रतिकुल राय लेख्नेः** गाउँ प्रहरीले काममा लापरबाही गरेमा सचेत गराउने वा नसिहत दिन सक्नेछ । दुई पटक सम्म सचेत गराउदा वा नसिहत दिँदा पनि निजले काममा लापरबाही गरेमा निजको चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकुल राय लेखी निजको व्यक्तिगत फाइलमा अभिलेख गरिनेछ ।

३८. **दर्जा र तलब घटाउनेः** गाउँ प्रहरीले देहायको अवस्थामा सजाय गर्ने अधिकारीले तल्लो पद वा टाइम स्केल वा त्यही टाइम स्केलको तल्लो स्केलमा घटुवा गर्न सक्ने गाउँपालिकालाई हानि नोक्सानी पुर्याएकोमा सो निजबाट भराउन सक्नेछः-

(क) सन्तोषजनक काम नगरेमा ।

(ख) अनुशासनहीन कार्य गरेमा ।

(ग) पदीय आचरण उल्लंघन गरेमा ।

(घ) नोकरीबाट अलग हुन झुठ्ठा कारण पेस गरेमा ।

(ङ) आफूभन्दा माथिल्लो कर्मचारीले दिएको आदेश निर्देशन नमानेमा वा कार्यान्वयन नगरेमा ।

(च) मनासिव कारण नभई विदा नलिई विदा बसेमा वा गैरहाजिर भएमा ।

३९. **सजाय सम्बन्धी कार्यबिधिः** (१) गाउँ प्रहरी जवानलाई सामान्य सजाय गर्ने अधिकार गाउँ प्रहरी प्रमुखलाई हुनेछ । गाउँ प्रहरी हवल्दार सरहका प्रहरीलाई सामान्य सजाय गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ ।

(२) गाउँ प्रहरीलाई विशेष सजाय गर्नु पर्ने भएमा प्रमुख प्रशासकीय अधिकृतको सिफारिसमा कार्यपालिकाले गर्नेछ ।

(३) गाउँ प्रहरी कर्मचारीलाई सजायको आदेश दिनु अघि कारबाही गर्न लागिएको व्यहोरा उल्लेख गरी, हुन सक्ने सजाय समेत खुलाई सूचना दिई निजलाई आफ्नो सफाई पेस गर्ने मौका दिनुपर्नेछ । त्यस्तो सूचना दिंदा लगाएको आरोप स्पस्ट रुपले किटिएको हुनुपर्नेछ ।त्यस्तो गाउँ प्रहरी कर्मचारीले सजाय गर्ने अधिकारीले तोकिएको म्यादभित्र आफ्नो सफाईको र प्रस्तावित सजायको सम्बन्धमा लिखित स्पष्टीकरण पेस गर्नुपर्नेछ ।

तर भागी पत्ता नलागेको वा अरु कुनै कारणले सम्पर्क स्थापित गर्न असम्भव भएको गाउँ प्रहरीको हकमा यस ऐनको कार्यविधिको रीत पुर्याउनु पर्ने छैन ।

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी प्रमाणित भइसकेको आधारमा कुनै गाउँ प्रहरी कर्मचारीलाई सजाय दिनुपर्ने भएमा सजाय गर्ने अधिकारीले निजलाई गर्न लागेको बारेमा सूचनासम्म दिनुपर्नेछ ।

(ख) सफाई पेस गर्ने मौका दिन मनासिव नपर्ने भएमा सो कुराको टिप्पणी खडा गरी त्यस्तो गाउँ प्रहरी कर्मचारीलाई सफाई पेस गर्ने मौका दिनु पर्नेछैन ।

(४) सजाय गर्ने अधिकारीले आवश्यक ठानेमा स्वयम वा अन्य कुनै अधिकृतद्धारा जाँचबुझ गराउन सक्नेछ ।जाँचबुझ गर्ने अधकारीले आवश्यकतानुसार सम्बन्धित गाउँ प्रहरी कर्मचारी समेत बुझी कारण सहित आफ्नो ठहरको प्रतिवेदन तथा भएको सबुद प्रमाण दाखिला गर्नुपर्नेछ ।

(५) कुनै गाउँ प्रहरी कर्मचारी माथि लागेको कुनै अभियोगको जाँचबुझ गर्नुपर्नेमा सजाय गर्ने अधिकारीले जाँचबुझ समाप्त नहुन्जेल सो गाउँ प्रहरी कर्मचारीलाई निलम्वन गर्न सक्नेछ । तर यस्तो निलम्वनको अवधि ६ महिना भन्दा बढी हुने छैन ।

(६)दफा (५) वमोजिम निलम्वन अवस्थामा रहेको गाउँ प्रहरी कर्मचारीलाई निजले पाउने तलब भत्ताको एक चौथाई मात्र दिईनेछ ।

(७) कुनै फौजदारी अभियोगमा गिरफ्तार भई थुनिएको गाउँ प्रहरी कर्मचारी थुनिएको अबधिभर स्वतः निलम्वन भएको मानिनेछ ।

तर,

(क) निलम्वनमा रहेका कर्मचारी उपर लागेको अभियोग प्रमाणित नभई सफाई पाएमा निजले सो अबधिको चौथाई तलव पाएको भए सो कट्टा गरी र नपाएको पुरै (तलव वृद्धि हुने भएमा सो समेत) पाउने छ । कसुरदार ठहरिएमा निलम्वन भएका मिति देखिको बाँकी तलब भत्ता पाउने छैन ।

(ख) कुनै प्रहरी कर्मचारी गाउँपालिकाको कामको सम्बन्धमा वा नेपाल सरकारबाट भएको कारबाहीको सिलसिलामा निलम्वन भएको रहेछ भने उक्त अवधिको तलव भत्ता पाउने छैन ।

४०. **सजायको आदेश दिनेः** जाँचबुझको काम समाप्त भएपछि सम्बन्धित गाउँ प्रहरी कर्मचारीलाई निजसित स्पष्टिकरण मागिएको भए निजले तोकिएको समयभित्र स्पष्टीकरण नदिएमा

वा निजले दिएको स्पष्टीकरण सन्तोषजनक नलागेमा सजाय गर्ने अधिकारीले सजाय गर्ने अधिकारीले सजाय दिन सक्नेछ र सजायको आदेशको एक प्रति निजलाई दिनुपर्नेछ ।

४१. **सेवाको अन्त्य गर्ने:** कुनै गाउँ प्रहरी कर्मचारीलाई देहायको अवस्थामा निजको सेवा अन्त्य गर्नुपर्दा दफा ३९ वमोजिमको कार्यविधि अपनाउनुपर्ने छैन ।

(क) परीक्षणकालमा रहने गरी नियुक्ति भएकोमा नियुक्ति सदर नहुदै

(ख) स्वीकृत चिकित्सकको बोर्डले शारीरिक रुपमा अनुपयुक्त ठह-याएमा ।

४२. **पुनरावेदन कार्यविधि:** (१) गाउँ प्रहरी प्रमुखले सजाय दिएको हकमा प्रमुख प्रशासकीय अधिकृत र प्रमुख प्रशासकीय अधिकृतले सजाय दिएको हकमा कार्यपालिका समक्ष र कार्यपालिकाले दिएको सजायको हकमा प्रदेश लोकसेवा आयोगमा पुनरावेदन लाग्नेछ ।

(२) दफा ४० अन्तर्गत दिएको आदेशमा चित नबुझी पुनरावेदन गर्ने कर्मचारीले आफ्नो नामबाट पुनरावेदन दिनुपर्नेछ ।

(३) पुनरावेदन गर्ने व्यक्तिले आफ्नो सफाईको निमित्त प्रमाण सहित पुनरावेदन पेस गर्दा शिष्ट भाषामा लेखिएको हुनुपर्नेछ ।

(४) पुनरावेदन दिंदा पुनरावेदन दिने जुन कार्यालयको हो सोही कार्यालय प्रमुख वा जसको आदेशको विरुद्ध पुनरावेदन गरिएको छ सो अधिकारी मार्फत दिनुपर्नेछ ।

(५) सजायको सूचना पाएको पैतिस दिन भित्र पुनरावेदन दिनु पर्नेछ।

(६) पुनरावेदन तहबाट भएको निर्णय अन्तिम हुनेछ ।

४३. **सजाय सम्बन्धी अन्य व्यवस्थाः** यस ऐनमा गाउँ प्रहरीका लागि उल्लिखित सजाय सम्बन्धी व्यवस्था यसै बमोजिम हुनेछ। यस ऐनमा उल्लेख नभएको सजाय,सजाय दिंदा अपनाउनु पर्ने कार्यविधि तथा प्रक्रियागत व्यवस्था गाउँपालिकाको स्थानीय सेवा ऐन,२०७९ ले तोके बमोजिम हुनेछ ।

## परिच्छेद-८
## कायम मुकायम र निमित्तसम्बन्धी व्यवस्था

४४. **कायम मुकायम र मुकरर गर्न सक्नेः** (१) गाउँपालिकाले गाउँ प्रहरी सहायक निरीक्षक पद रिक्त भएमा दफा १६ बमोजिम पदपूर्ति नभएसम्मका लागि कामय मुकायम मुकरर गर्नेछ ।
(२) उपदफा (१) बमोजिम कायम मुकायम मुकरर गर्दा ज्येष्ठता,शैक्षिक योग्यता र कार्य सम्पादन स्तरमा उल्लेखनीय देखिएका गाउँ प्रहरी हवल्दार मध्येबाट ३ जना छनोट गरी सुशासन समितिले कार्यपालिकामा निर्णयका लागि पेस गर्नेछ ।
(३) उपदफा (२) बमोजिम सुशासन समितिले कार्यपालिकामा निर्णयको लागि पेस गर्नु पूर्व प्रमुख प्रशासकीय अधिकृतबाट गाउँ प्रहरी हवल्दारहरुको ज्येष्ठता,शैक्षिक योग्यता र कार्य सम्पादनस्तरको योग्यताक्रमको सूची प्राप्त गरी सो समेतका आधारमा उत्कृष्ट तीन जनाको नाम कायम मुकायमका लागि सिफारिस गर्नु पर्नेछ ।
(४) उपदफा (३) बमोजिम सिफारिस भएका तीन जना गाउँ प्रहरी हवल्दार मध्येबाट कार्यपालिकाले एक जनालाई गाउँ प्रहरी सहायक निरीक्षक पदमा कायम मुकायम मुकरर गर्नेछ।

(५) उपदफा (४) बमोजिम कार्यपालिकाको निर्णय अनुसार प्रमुख प्रशासकीय अधिकृतले कायम मुकायम मुकरर प्रहरी सहायक निरीक्षक पदमा नियुक्ती दिई दर्ज्यानी चिह्न समेत प्रदान गर्नेछ ।

(६) गाउँ प्रहरी अन्तर्गतका प्रहरी सहायक निरीक्षक पद रिक्त भई तत्काल पदपूर्ति हुने सम्भावना नभएमा कार्यपालिकाले त्यस्तो दरबन्दीमा एक तह मुनीका वरिष्ठतम गाउँ प्रहरी मध्येबाट कायम मुकायम मुकरर गरी जिम्मेबारी तोक्न प्रमुख प्रशासकीय अधिकृतलाई गर्न सक्नेछ ।

(७) यस दफा बमोजिम कायम मुकायम मुकरर भएका गाउँ प्रहरी कर्मचारीको बढुवा नभए सम्मका लागि कायम मुकायम कायम रहनेछ ।

४५. **<u>कायम मुकायम भई काम गरेको तलब भत्ताः</u>** कुनै गाउँ प्रहरी कर्मचारीले कुनै माथिल्लो पदमा कायम मुकायम भई काम गरेमा काम गरेकै मितिदेखि कायम मुकायम रहेको अबधिसम्म निजले माथिल्लो पदको तलब भत्ता पाउनेछ ।

४६. **<u>निमित्त भई काम गर्ने व्यवस्थाः</u>** (१) कुनै कारणले गाउँ प्रहरी प्रमुखको पद रिक्त भई दफा १६ बमोजिम पदपूर्ति भई नसकेमा वा कायम मुकायम मुकरर भई नसकेको अवस्थामा ज्येष्ठताको आधारमा प्रमुख प्रशासकीय अधिकृतले गाउँ प्रहरी बरिष्ठ हवल्दारलाई निमित्त गाउँ प्रहरी प्रमुखको जिम्मेवारी तोक्नु पर्नेछ ।

(२) गाउँ प्रहरी बलको भौगोलिक तथा विषयगत क्षेत्रको प्रमुखको पदमा निमित्त तोक्ने अधिकार गाउँ प्रहरी प्रमुखलाई हुनेछ ।

(३) उपदफा (१) र (२) वमोजिम निमित्त तोक्दा तल्लो पदमा रहेको सब भन्दा वरिष्ठ गाउँ प्रहरी कर्मचारीलाई निमित्त

तोकिनेछ । तर साधारणतया गाउँ प्रहरी हवल्दार पद भन्दा मुनिको पदमा निमित्त तोकिने छैन ।

(४) उपदफा (१) वमोजिम निमित्त भई काम गर्न तोकिएको गाउँ प्रहरी कर्मचारीले त्यस्तो निमित्त पदको सम्पूर्ण अधिकार प्रयोग गर्न पाउनेछ ।

(५) देहायको अवस्थामा कायम मुकायम मुकरर गर्न तथा निमित्त तोक्न सकिने छैनः

(क) नसिहत पाएकोमा सो सजाय पाएको मितिले एक वर्षको अवधिभर,

(ख) निलम्बन भएकोमा सो अवधिभर,

(ग) बढुवा रोक्का भएकोमा रोक्का भएको अवधिभर,

(घ) तलब बृध्दि रोक्का भएकोमा रोक्का अवधिभर ।

## परिच्छेद-९

## तालिम

४७. **तालिमको व्यवस्थाः** गाउँ प्रहरीलाई कुशल एवम् दक्ष बनाउन गाउँपालिकाले तोकिए वमोजिम तालिम सञ्चालन गर्नेछ।

४८. **तालिमको अनिवार्यताः** (१) गाउँ प्रहरी सेवामा रहेका सबै गाउँ प्रहरीलाई आवश्यकता अनुसार तालिम लिन अनिवार्य हुनेछ। तालिममा सहभागी हुने गाउँ प्रहरीले लापरवाही देखाएमा वा व्यवसायिक ज्ञानप्रति उदासिनता, लापरवाही देखाएको खण्डमा सो व्यहोरा अभिलेखमा जनाईनेछ ।

(२) व्यावसायिक तालिम हासिल गर्न उदासिनता देखाएको व्यहोरा अभिलेखमा जनाई सकेपछि निजलाई पुनः एकपटक तालिमको मौका दिइनेछ । त्यसपछि पनि उदासिनता र

गैरजिम्मेवारी देखाउनेलाई तल्लो पदमा घटुवा गर्न वा सेवा बाट हटाउन सकिनेछ ।

४९. **तालिमको पाठ्यक्रमः** विभिन्न तालिमहरुको पाठ्यक्रम तयार गर्न गाउँ प्रहरी प्रमुख समेत रहने एक समितिको गठन हुनेछ ।

## परिच्छेद-१०

## पोशाक

५०. **गाउँ प्रहरी पोशाकः** गाउँ प्रहरीको पोशाकको रंग,किसिमं र अन्य विवरण तोके वमोजिम हुनेछ ।

५१. **पोशाक,सामान तथा उपकरणः** प्रत्येक गाउँ प्रहरी कर्मचारीलाई तोके बमोजिमको पोशाक,सामान उपकरण उपलब्ध गराईनेछ ।

५२. **मौसम अनुसारको पोशाकः** गाउँ प्रहरी कर्मचारीलाई मौसम अनुसार तोकिएको पोशाक उपलब्ध गराईनेछ ।

## परिच्छेद-११

## विविध

५३. **विदाः** गाउँ प्रहरी सेवामा कार्यरत गाउँ प्रहरीले पाउने विदा सम्बन्धी व्यवस्था गाउँपालिकाको स्थानीय सेवा ऐन, २०७९ बमोजिम हुनेछ ।

५४. **अवकाश,उपदान र निवृत्तिभरणः** गाउँ प्रहरी सेवाका गाउँ प्रहरीको अवकाश,उपदान र निवृत्तिभरण सम्बन्धी व्यवस्था गाउँपालिकाको स्थानीय सेवा सम्बन्धी कानूनले तोके बमोजिम हुनेछ ।

५५. **विभागीय आदेश र निर्देशनः** ऐनको परिधिभित्र रही देहायका विषयमा गाउँ प्रहरी प्रमुखले आवश्यक आदेश तथा निर्देशन जारी गर्न सक्नेछ ।यसरी जारी गरेको महत्वपूर्ण आदेश र

निर्देशनको जानकारी प्रमुख प्रशासकीय अधिकृतलाई पठाउनु पर्नेछ ।

(क) कार्यमा छिटो छरितोपन ल्याउने विषय,

(ख) मातहतको गाउँ प्रहरीतथा प्रहरी इकाई कार्यालयलाई नियन्त्रण गर्ने

(ग) मातहत कार्यालयको कार्यमा समन्वय कायम ल्याउने विषय,

(घ) प्रचलित कानूनमा उल्लेख भएका कुराहरु स्पष्ट तथा विस्तृत गर्ने विषय,

(ङ) विभागीय अनुशासन सम्बन्धी व्षवस्था ।

**५६. <u>परामर्श कक्ष सञ्चालन गर्नः</u>** (१) गाउँ प्रहरीले आफूले सम्पादन गर्ने काम कारबाही सम्बन्धमा सरोकारवाला व्यक्ति,संघसंस्था वा सम्बध्द पक्षलाई तत् विषयमा सूचित गर्ने, जानकारी दिने,सहभागी गराउने,सकारात्मक सोच विकास गराउने आदि कार्यको लागि गाउँ प्रहरी व्यवसथापन शाखा मातहत परामर्श कक्ष सञ्चालन हुनेछ ।

**५७.<u>पुरस्कारः</u>** कुनै गाउँ प्रहरीले आफ्नो कर्तव्य पालनको सिलसिलामा प्रसंशानीय,जोखिमपूर्ण काम गरेमा त्यस्तो गाउँ प्रहरीलाई गाउँ प्रहरी प्रमुखले प्रमुख प्रशासकीय अधिकृत मार्फत पुरस्कार स्वरुप देहाय वमोजिमको ग्रेड,पदक वा एकमुस्ट रकम उपलब्ध गराउन सिफारिस गर्न सक्नेछः

(क) गाउँपालिकाका प्रमुखले दुई ग्रेडसम्म थप

(ख) प्रमुख प्रशासकीय अधिकृतले एक ग्रेडसम्म थप

**५८. <u>प्रोत्साहन तथा जोखिम भत्ताः</u>** गाउँ प्रहरीलाई अतिरिक्त समय कार्य गराउनु परेमा गाउँ प्रहरी प्रमुखको सिफारिसमा गाउँ कार्यपालिकाको निर्णय वमोजिम प्रोत्साहन तथा जोखिम भत्ता उपलब्ध गराउन सक्नेछ ।

**५९. <u>पेशागत संघ संगठनको सदस्यता लिन नमिल्ने:</u>** गाउँ प्रहरीले गाउँपालिकामा रहेको कुनै पनि पेसागत संगठनको सदस्यता लिन, सभा समारोहमा भाग लिन प्रतिवन्ध गरिएको छ । यस व्यवस्थाको उल्लंघन गरेको पाइएमा विभागीय कारबाही हुनेछ ।

**६०. <u>गाउँ प्रहरीको उमेर हदसम्बधी व्यवस्था:</u>** (१) गाउँ प्रहरी सेवामा हाल कार्यरत गाउँ प्रहरीको उमेर हद गाउँपालिकाको स्थानीय सेवा ऐन, २०७९ बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि यो ऐन जारी भए पश्चात गाउँपालिकाको गाउँ प्रहरी सेवामा प्रवेश गर्ने गाउँ प्रहरीको उमेर सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः

(क) गाउँ प्रहरी सहायक निरीक्षक ४५ वर्ष

(छ) गाउँ प्रहरी हवल्दार ४५ वर्ष

(ज) गाउँ प्रहरी जवान ४५ वर्ष

(झ) गाउँ प्रहरी कार्यालय सहयोगी ४५ वर्ष

(३) उपदफा (१) र (२) मा जुन सुकै कुरा लेखिएको भएतापनि गाउँ प्रहरी सहायक निरीक्षकले आफंनो पदमा १५ वर्षको सेवा अबधि भुक्तान गरे पछि सेवा अवधि हदको आधारमा अनिवार्य अवकास पाउनेछ ।

**६१. <u>न्यायिक समितिको क्षेत्राधिकार हुने:</u>** गाउँ प्रहरीले सम्पादन गर्ने काम कारबाही सम्बन्धमा सरोकारवालाको कुनै गुनासो रहेमा, मर्का परेको व्यक्तिले हरिहरपुरगढी गाउँपालिका अन्तर्गतको न्यायिक समितिमा गुनासो, उजुरी वा न्यायिक निवेदन पेस गर्न सक्नेछ ।

**६२. <u>सुरक्षा निकायसँग सककार्य:</u>** गाउँ प्रहरीले सुव्यवस्था कायम गर्न, शान्ति सुरक्षा कायम गर्न तथा गाउँवासीको अमन चयन

स्थापित गर्न नेपाल सरकार, प्रदेश सरकार, अन्य नगरपालिका/गाउँपालिका सम्बध्द सुरक्षा निकायहरुसँग आवश्यक समन्वय, सहयोग र सहकार्य गर्नु पर्नेछ ।

६३. **नियम बनाउन अधिकार:** यस ऐनको कार्यान्वयनका लागि गाउँपालिकाले आबश्यक नियम, कार्यविधि बनाउन सक्नेछ ।

६४. **खारेजी:**

(१) हरिहरपुरगढी गाउँपालिकाको गाउँ प्रहरी संचालन तथा व्यवस्थापन कार्यविधि २०७७ खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिम खारेज गरिएको कार्यविधि बमोजिम भए गरेको काम कारवाही यसै ऐन र यस ऐन बमोजिम जारी नियम वा कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

# अनुसूची- १
## (दफा ७(१)(क) सँग सम्बन्धित पद, तह र दर्ज्यानी चिन्हको विवरण)

| क्र. सं. | पद | तह | दर्ज्यानी चिन्ह | संकेत | कैफियत |
|---|---|---|---|---|---|
| १ | गाउँ प्रहरी सहायक निरीक्षक | चौथो | एक तारा |  | |
| २ | गाउँ प्रहरी वरिष्ठ हवल्दार | तेस्रो | तीन धर्सा (विल्ला) |  | |
| ३ | गाउँ प्रहरी हवल्दार | तेश्रो | तीन धर्सा |  | |
| ४ | गाउँ प्रहरी सहायक हवल्दार | तेश्रो | दुई धर्सा |  | |
| ५ | गाउँ प्रहरी जवान | तह बिहीन | (रिवन- किनारामा चुस्ता र बीचमा रातो रंग) |  | |
| ६ | गाउँ प्रहरी सहयोगी | तह बिहिन | पोशाक मात्रै | | |

# अनुसूची- २

## (दफा ७(१)(ख) सँग सम्बन्धित पोशाकको विवरण)

## प्रति गाउँ प्रहरी कर्मचारीको लागि

पोशाकको रंगः गाढा हरियो

छालाको जुत्ताको रंगः कालो

१ नं. पोशाक कटन/उलन २ नं. पोशाक (चुस्ता)

| क्र.सं. | विवरण | अवधि/परिमाण |
|---|---|---|
| १ | सर्ट पाइन्ट कटन | वर्षमा १ पटक |
| २ | सर्ट पाइन्ट उलन | २ वर्षमा १ पटक |
| ३ | छालाको कालो पेटी | ३ वर्षमा १ पटक |
| ४ | व्यारेट वैद्याप र हेड व्याज | २ वर्षमा १ पटक |
| ५ | छालाको बुट | २ वर्षमा १ पटक |
| ६ | चेष्ट प्लेट | ३ वर्षमा १ पटक |
| ७ | चेष्ट प्लेट (पित्तल) | २ वर्षमा १ पटक |
| ८ | कुम ब्याज | २ वर्षमा १ थान |
| ९ | आर्म ब्याज | २ वर्षमा १ पटक |
| १० | कम्बल | ३ वर्षमा २ थान |
| ११ | ज्याकेट | ३ वर्षमा १ थान |
| १२ | मोजा | ६ महिनामा १ जोर |
| १३ | उनीको जर्सी | ३ वर्षमा १ थान |
| १४ | तन्ना, दरी | १ वर्षमा १ थान |
| १५ | गेम ड्रेस (ट्र्याक सुट) | १ वर्षमा १ थान |

| | | |
|---|---|---|
| १६ | बर्सादी | २ वर्षमा १ थान |
| १७ | पानी बुट | २ वर्षमा १ जोर |
| १८ | गेम कट्ट | १ वर्षमा १ थान |
| १९ | सिटी एवम सिटी कर्ड | १ वर्षमा १ सेट |
| २० | चुस्ता टोपी | १ वर्षमा १ थान |
| २१ | बेल्ट (कपडाको) | २ वर्षमा १ थान |
| २२ | पिटि जुत्ता | १ वर्षमा १ जोर |

आज्ञाले
दाताराम प्याकुरेल
प्रमुख प्रशासकीय अधिकृत